# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख २८ गते, २०८३ साल (संख्या ६

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ०६

**सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २५क. मा संशोधन</u>** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २५क. को,-

(१) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

"(४क) बैङ्क तथा वित्तीय संस्था, शैक्षिक संस्था, भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक, बिमा (इन्सुरेन्स) कम्पनी, टेलिकम जस्ता प्रचलित कानून बमोजिम स्थापित निकायले आफूले प्रदान गर्ने सार्वजनिक प्रकृतिका सेवा नागरिक एपमा आबद्ध गर्न नागरिक एप सञ्चालन गर्ने निकायमा अनुरोध गरेमा त्यस्ता सेवालाई सो निकायको निर्णय अनुसार नागरिक एपसँग आबद्ध गर्न सकिनेछ।"

(२) उपनियम (५) मा रहेका "उपनियम (४)" भन्ने शब्दहरुको सट्टा "उपनियम (४) र (४क)" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (६) मा रहेका "उपनियम (४)" भन्ने शब्दहरुको सट्टा "उपनियम (४) र (४क)" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।